नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

सिंहदरबार, काठमाडौंको

## क्षमता अभिवृद्धि तालिम सञ्चालक संघ संस्था तथा व्यक्तिहरुलाई अत्यन्त जरुरी सूचना

२०७२ बैशाख १२ गतेको महाभूकम्प तथा त्यस पछिका परकम्पहरूबाट क्षति ग्रस्त भएका आवास भवनहरूको पुनर्निर्माणका लागि सिकर्मी, डकर्मी तालिम लगायत अन्य प्राविधिक शीप अभिवृद्धि तालिम कार्यक्रमहरू सञ्चालन गर्न अत्यन्त आवश्यक रहेको सर्वविदितै छ । यस सन्दर्भमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्था तथा व्यक्तिहरूले समेत तालिम कार्यक्रमहरू सञ्चालन गरिरहेको तथा गर्ने योजना रहेको जानकारी प्राप्त हुन आएको छ । यस्तो क्षमता अभिवृद्धि कार्यक्रमहरूलाई अझ व्यवस्थित, प्रभावकारी र संयोजित बनाउनु जरूरी भएकोले यस्ता कार्यक्रम सञ्चालन गरिरहेका वा गर्ने योजना बनाएका सम्पूर्ण संघ, संस्था एवं व्यक्तिहरूलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यालयमा तपसिलमा उल्लेखित विस्तृत विवरण सहितको आवेदन दिनुहुन अनुरोध गरिन्छ । साथै पुनर्निर्माण सम्बन्धी तालिम कार्यक्रमहरू सञ्चालन गर्ने संघ संस्थाहरूले उक्त तालिम गराउनु पूर्व पुनर्निर्माण प्राधिकरणको सहमति लिएर मात्र तालिम सञ्चालन गर्नु हुन समेत यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**आवेदनका साथ संलग्न हुनुपर्ने विवरण** :

- प्रस्तावित तालिम कार्यक्रमको विवरण वा किसिम ।
- तालिम कार्यक्रमको संख्या ।
- तालिम अवधि ।
- कार्यक्रम सञ्चाल नगरिने जिल्ला, नगरपालिका, गाउँ विकास समिति ।
- हाल सम्म सञ्चालन भइसकेका तालिमहरूको संख्या, किसिम तथा तालिम प्राप्त जनसंख्याको अवस्था ।

हरेक बेग्ला बेग्लै तालिम कार्यक्रमको लागि छुट्टा-छुट्टै विस्तृत विवरण पेश गर्नु हुन अनुरोध छ । यस सम्बन्धी विस्तृत फाराम प्राधिकरणको वेबसाइट (http://www.nra.gov.np) मा राखिएको छ, डाउनलोड गरी सो फाराम भरी प्राधिकरणको केन्द्रिय कार्यालय, सिंहदरबारमा बुझाउनु हुन अनुरोध छ ।